# जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०८१

**प्रस्तावना** : भूमिको बढ्दो खण्डीकरण एवं जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गरी कृषिमा आधुनिकीकरण मार्फत लागत कम गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नका लागि जग्गा चक्लाबन्दी कार्यक्रम कार्यान्वयन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०८१" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "आवेदक" भन्नाले कृषक, कृषि सम्बन्धी कार्य गर्ने समूह/ सहकारी/ फर्म/ कम्पनी सम्झनु पर्छ। सो शब्दले अनुदानग्राहीलाई समेत सम्झनु पर्छ ।

(ख) "कार्यविधि" भन्नाले "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०८१" सम्झनु पर्छ।

३. **आवेदकले पेस गर्नुपर्ने कागजातहरु:** (१) आवेदकले कार्यविधिको अनुसूची-५ बमोजिमको ढाँचामा निवेदन पेस गर्नु पर्नेछ ।

(२) आवेदकले यो मापदण्डको अनुसूची-२ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नुपर्नेछ ।

(३) आवेदकले कार्यविधिको दफा १७ को उपदफा (३) मा उल्लेखित कागजातका साथै देहायको कागजात समेत पेस गर्नुपर्नेछ:-

(क) चक्लाबन्दी गरिएको जग्गामा एक वर्षमा तराई र पहाडमा कम्तीमा दुई बाली, हिमाली क्षेत्रको हकमा एकबाली खेती गर्नुका साथै सो कार्य गर्न अनुसूची-१ बमोजिमको ढाँचामा कार्ययोजना सहित कृषि कार्य गर्ने प्रतिबद्धता।

(ख) चक्लाबन्दी कार्यक्रम संचालन गर्ने स्थलको जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपी, नागरिकताको प्रतिलिपी, कित्ता संकेत गरेको कित्तानापी नक्सा र चक्लाबन्दी गर्ने क्षेत्रको सकेसम्म सम्पूर्ण ठाउँ देखिने जग्गाको फोटो।

(ग) चक्लाबन्दी प्रस्ताव गरिएको स्थान सम्बन्धित स्थानीय तहले कृषि क्षेत्रमा वर्गीकरण गरिएको सिफारिस पत्र।

४. **प्रस्तावको छनौटः** प्रस्ताव मूल्याङ्कन तथा प्रारम्भिक छनौट देहाय बमोजिम गरिनेछ:-

| क्र. सं. | मुल्याङ्कनका आधार | अधिकतम अंक | मापदण्ड र प्रदान गर्न सकिने अंक | | |
|---|---|---|---|---|---|
| | | | हिमाल | पहाड | तराई |
| १) | जग्गाको क्षेत्रफल | २० | न्युनतम ३० रोपनी क्षेत्रफलको लागि १० अंक र प्रति १५ रोपनी थप क्षेत्रफलको लागि थप १ अंकका दरले | न्युनतम ५० रोपनी क्षेत्रफलको लागि १० अंक र प्रति ३० रोपनी थप क्षेत्रफलको लागि थप १ अंकका दरले | न्युनतम १० विगाह क्षेत्रफलको लागि १० अंक र प्रति ५ विगाह थप क्षेत्रफलको लागि थप १ अंकका दरले |
| २) | जग्गाको अवस्थिती | ६० | समथर (भिरालोपन ०-५ डिग्री)<br>कम भिरालो(भिरालोपना ५-१० डिगी सम्म) | | ६० अंक<br>४० अंक |
| | | | बढी भिरालो(१० डिग्री भन्दा माथि) | | ५ अंक |
| ३) | बाटो | १० | मोटर बाटो भएको | | १० अंक |
| | | | मोटर बाटोको सम्भावना भएको | | ५ अंक |
| ४) | सिँचाई | १० | बाह्रै महिना सिँचाईको स्रोत रहेको | | १० अंक |
| | | | आंशिक सिँचाई | | ५ अंक |

*नोटः चक्लाबन्दी कार्यक्रम स्वीकृत हुनको लागि न्यूनतम ६० अंक प्राप्त गरेको प्रस्तावलाई मात्र छनौटका लागि सिफारिस गर्नुपर्नेछ । प्राप्ताकं बराबर आएमा बढी क्षेत्रफल र समथर युक्त जग्गालाई प्राथमिकता दिईनेछ ।*

५. **प्राविधिक पक्षहरु:** (१) चक्लाबन्दी कार्यक्रम संचालन गर्ने आवेदकको छनौट भैसकेपछी सम्बन्धित स्थानीय तहलाई आवश्यक सहजिकरणको लागि मन्त्रालयबाट पत्राचार गर्न सक्नेछ।

(२) मन्त्रालयले छनौट गरेका प्रस्तावहरुको डि.पी.आर. तयार गर्ने कार्य मन्त्रालयले गर्नेछ ।

(३) छनौट भएका आवेदकले देहाय बमोजिमका कार्यहरु गर्नु पर्नेछ:-

(क) जग्गा धनी प्रमाण पुर्जा तथा नागरिकताको प्रतिलिपी परामर्शदातालाई उपलब्ध गराउने।

(ख) भोग अनुसारको क्षेत्रफल र नक्साको क्षेत्रफल खुल्ने विवरण पेश गर्ने।

(ग) कार्यविधिको अनुसूची-७ को क्रम संख्या १ र २ अनुसार पहिलो वर्ष र क्रम संख्या ३ र ४ अनुसार दोश्रो वर्षका कार्यहरु गर्ने ।

(घ) आवेदकले चक्लाबन्दी कार्यक्रम संचालन गर्नु पूर्व र सम्पन्न भैसकेपछि माटो परिक्षण (नाईट्रोजन, फस्फोरस, पोटास र पि.एच.आदी) प्रतिवेदन पेश गर्नुपर्नेछ।

(ङ) प्लटको डिजाईन अनुसार जमिनको cut & fill को आधारमा लागत अनुमान तयार गरी मन्त्रालयवाट प्लट डिजाईन स्वीकृत गराउनुपर्नेछ । स्वीकृत भईसकेको प्लट डिजाईन परिवर्तन गर्नुपरेमा मन्त्रालयको सहमति लिनुपर्नेछ। स्वीकृत भएको प्लट डिजाईनलाई जमिनमा लेआउट समेत गर्नुपर्नेछ।

(च) जमिनको उर्वराशक्ति संरक्षण हुने गरी चक्लायुक्त प्लटको निर्माण गर्नुपर्नेछ ।त्यसको लागि जमिनको माथिल्लो तहको ३० से.मी. माटो जम्मा गरेपछि मात्र प्लट निर्माण सुरु गर्ने र प्लट निर्माण कार्य समाप्त भएपछि उक्त माटो माथिल्लो सतहमा समान रुपले भर्नुपर्नेछ ।यसरी माटो जम्मा गरे/भरेको तस्विर भिडियो मन्त्रालयमा पेश गर्नुपर्नेछ । सो कार्य परामर्शदाता वा विशेषज्ञको प्रत्यक्ष निगरानीमा गराउनुपर्नेछ ।

(४) छनौट भएका आवेदकले प्राविधिक वा परामर्शदातावाट देहाय बमोजिमको कार्यहरु गराउनु पर्नेछः-

(क) जग्गाधनीको भोग अनुसारको नापजाँच गरी प्राप्त क्षेत्रफल, नक्सामा भएको क्षेत्रफल र जग्गाधनी प्रमाणपुर्जामा भएको क्षेत्रफलको तुलनात्मक अध्ययन गरी बिवरण तयार गर्ने।

(ख) चक्लाबन्दी कार्यक्रम संचालन हुने क्षेत्रको डिटेल सर्भे गरी आधार नक्सा तयार गर्ने।

(ग) चक्लाबन्दी स्थलको कार्यक्रम संचालन पूर्व र कार्यक्रम सम्पन्न भए पश्चातको अवस्था झल्किने गरी ड्रोन भिडियो फुटेज तथा तस्वीर सहित कार्य सम्पन्न प्रतिवेदन तयार गर्नुपर्नेछ।

(घ) चक्लाबन्दी कार्यक्रम छनौट भएको स्थलको ब्लक डिजाईन गरे बमोजिम जग्गाधनीले कित्ता नापी नक्सा तथा जग्गा धनी प्रमाण पुर्जामा प्लट मिलान गराउनुपर्नेछ। यसरी जग्गाधनी प्रमाण पूर्जा तथा कित्तानापी नक्सामा स्रेस्ता मिलान गर्न अनुसूची-३ बमोजिमको ढाँचामा कार्यपालिका बैठकबाट निर्णय गराउनु पर्नेछ।

(५) उपदफा (२) बमोजिमको कार्यहरु गराउदा क्षेत्रफल फरक पर्न गएमा कित्तानापी नक्साको क्षेत्रफललाई आधार मान्नु पर्नेछ।

६. <u>सम्पन्न चक्लाबन्दीको हकमाः</u> (१) यो मापदण्ड लागू हुनु भन्दा अगाडि चक्लाबन्दी सम्पन्न भएका जग्गाको नाप नक्सा गर्दाको हकमा मन्त्रालयबाट परामर्श सेवा खरिद गरी अनुदानग्राही र परामर्शदाताले देहाय बमोजिमको कार्य गर्नु पर्नेछः-

(क) चक्लाबन्दी क्षेत्रको नाप नक्सा गर्दा चक्लाबन्दी सम्पन्न स्थानमा गई स्थानीय तह तथा जग्गा धनीलाई ७ दिने सूचना दिनुपर्नेछ।

(ख) चक्लाबन्दी क्षेत्रमा कम्तिमा ३ वटा कन्ट्रोल प्वाईन्ट स्थापना गर्नु पर्नेछ।

(ग) सरकारी सार्वजनिक जग्गाको स्थान परिवर्तन गरेपनि क्षेत्रफल पहिलेको भन्दा घटाउन पाईने छैन।

(घ) चक्लाबन्दी क्षेत्रमा कायम रहेका प्लटहरु नबिग्रने गरी जग्गा धनीहरुको समूह/ सहकारी संस्थाको छलफलबाट क्षेत्रफल र प्लटहरुको बाँडफाड स्थानीयहरुको रोहबरमा गर्नुपर्नेछ।

(ङ) जग्गा धनीले बाटो र कुलोमा दामासाही रुपमा जग्गा छोडेमा सम्पूर्ण जग्गा धनीलाई कुलो र बाटोको व्यवस्था मिलाउने।

(च) जग्गाधनीहरुले चक्लाबन्दी गरिएको क्षेत्रको कित्तानापी नक्सामा रहेको क्षेत्रफलको आधारमा बाटो कुलोले लिएको जग्गा दामासाही रुपमा कट्टा गरी बाँकी जग्गा बाँडफाँड गर्नुपर्नेछ।

(छ) नयाँ गरिने चक्लाबन्दीको कार्यान्वयन प्रक्रिया कार्यविधिको अनुसूची-८ बमोजिम गरिनेछ।

(२) चक्लाबन्दी क्षेत्रको जग्गा बाँडफाड सम्बन्धी विवाद जग्गा धनी, कृषक समूह, सहकारी संस्थाले स्थानीय तहको रोहबरमा विवाद आफै (कृषक समुह/सहकारी संस्था) ले समाधान गर्नु पर्नेछ।

७. <u>आर्थिक पक्षः</u> आवेदकलाई देहाय बमोजिमको आर्थिक अनुदान प्रदान गरिनेछः-

(क) अनुदान रकम कटिङ फिलिङ्ग, बाटो निर्माण, कुलो निर्माण, पानी निकास, आवश्यक कृषि यन्त्र उपकरण खरिद र परामर्श/विशेषज्ञ सेवा (जमिनको डिटेल सर्भे, आधार नक्सा तयारी, प्लट डिजाइन, लागत अनुमान, ईन्जिनियरिङ्ग प्रतिवेदन, फिल्ड लेआउट, माथिल्लो ३० से.मी. उर्वरा माटो संरक्षण आदि कार्य) मा खर्च गर्नुपर्नेछ ।

(ख) लागत अनुमान रकम र कार्यविधिको अनुसूची- ४ मा तोकिएको अनुदान रकम मध्ये जुन रकम घटि आउँछ सो को ९०% रकम अनुदान सहयोग बापत उपलब्ध गराईनेछ ।

(ग) चक्लाबन्दी कार्यक्रम संचालन गर्ने अनुदानग्राहीलाई क्षेत्रफलको आधारमा कार्यविधिको दफा १४ को उपदफा १(क) र १(ज) अनुसार अनुसुची-४ बमोजिम कार्यसम्पन्न भएपछि अनुदानग्राहीको बैंक खातामा जम्मा हुनेगरी रकम उपलब्ध गराईने छ।

(घ) आवेदकलाई दिने रकमको ३ प्रतिशत कन्टिन्जेन्सीको रुपमा रकम कट्टि गरिनेछ। सो रकमबाट चक्लाबन्दी प्रवर्धन कार्यक्रम संचालन गर्दा बसेका बैठक भत्ता समेतमा खर्च गर्न सकिनेछ ।

८. <u>चक्लाबन्दी सम्पन्न भएका स्थानमा भू-पूर्वाधार सम्बन्धमाः</u> विगतमा चक्लाबन्दी कार्यक्रम सम्पन्न गरिएको स्थानमा प्राविधिकबाट तयार गरिएको स्वीकृत लागत अनुमानका आधारमा मन्त्रालयले आवश्यक ठानेमा ५०८.७४ वर्ग.मी बराबर ५ हजारको दरले रकम उपलब्ध गराईनेछ । उक्त अनुदान रकमबाट डिजाईन भएको प्लटको मर्मत/सुधार, अस्थाई बाटो, कुलो निर्माण/सुधार, जस्ता कार्य गर्नुपर्नेछ। सरोकारवालाले निवेदन साथ लागत अनुमान तयार गरी गराई पेश गर्नुपर्नेछ ।

९. <u>प्रचलित कानुन बमोजिम हुनेः</u> यस मापदण्डमा लेखिएको विषयमा यसै बमोजिम हुनेछ भने अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

१०. <u>बाधा अड्काउ फुकाउः</u> यो मापदण्डमा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले बाधा अड्काउ फुकाउ गर्नेछ।

११. <u>संशोधनः</u> यो मापदण्डलाई आवश्यकता अनुसार मन्त्रालयले संशोधन गर्न सक्नेछ ।

१२. <u>खारेजी र बचाउः</u> जग्गा चक्लाबन्दी कार्यक्रम संचालन मापदण्ड, २०७७ खारेज गरिएको छ । उक्त मापदण्ड बमोजिम भए गरेका कामकारबाही यसै मापदण्ड बमोजिम भएको मानिनेछ ।

अनुसूची-१

(दफा ३ उपदफा (३) (क) सँग सम्बन्धित)

प्रतिबद्धता पत्र

गण्डकी प्रदेश सरकार कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको मिति ..................... मा प्रकाशित सूचना अनुसार जग्गा चक्लाबन्दी कार्यक्रममा सहभागिताको लागि इच्छुक भई श्री ................................................ .................................. कृषक, कृषि सम्वन्धी कार्य गर्ने समूह/ सहकारी/ फर्म/ कम्पनी मार्फत कार्ययोजना सहितको आवेदन पेश गरेको/गरेका छु/छौं। उक्त कार्यक्रममा छनौट भएमा कार्ययोजनामा उल्लेख भए बमोजिमको कार्य गर्नेछु/गर्नेछौ । यो कृषि क्षेत्र वर्गीकरण गरिएको जग्गा हो सो जग्गामा कृषि कार्य निरन्तर उपयोग गर्नेछु/गर्नेछौं । सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुऱ्याउने व्यहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/गर्दछौ। यसमा लेखिए बमोजिम नगरे प्रचलित कानून बमोजिम सहुँला/बुझाउँला।

अनुदानग्राहीको तर्फबाट

| सि. न. | जग्गाधनीको नाम,थर | ठेगाना गा.पा./न.पा. वडा नं. | कित्ता नं. | जग्गाको कुल क्षेत्रफल | ल्याप्चे/दस्तखत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

संस्थाको छाप

सही ................................

नाम, थर ..................................

सम्पर्क मोवाईल नं. .................

अध्यक्ष:

अनुसुची-२

(दफा ३ उपदफा (२) सँग सम्बन्धित)

<u>चक्लाबन्दी कार्यक्रमको अनुदानको लागि पेश गर्ने प्रस्तावको ढाँचा</u>

| | |
|---|---|
| प्रस्तावकको नाम, थर: | कार्यक्रमको नामः |
| ठेगानाः | |
| कार्यक्रमको उद्देश्यः | |
| कार्यक्रमका मुख्य-मुख्य कियाकलापः | |
| कार्यक्रम सञ्चालन गर्न लाग्ने अनुमानित लागत : | माग गरेको अनुदान रकमः |
| कार्यक्रम सञ्चालन गर्ने कार्ययोजना र अनुमानित खर्चः<br>Earth work सम्बन्धी कार्य बापत रु ..........<br>डिटेल सर्भे, आधार नक्शा, ब्लक डिजाइन, फिल्ड लेआउट लगायत अन्य विज्ञ/प्राविधिक सेवा बापत रु .............<br>ब्लकमा पानी, बाटोको व्यवस्था बापत रु .............<br>मल बिउ खरिद बापत रु. .............<br>अन्य रु .............. | अनुमानित प्रतिफलः<br>आम्दानी प्रति वर्ष: ...............<br>लागत उठ्न लाग्ने अनुमानित समयः ........ |
| चक्लाबन्दी गर्ने स्थालको प्रस्तावित कुल क्षेत्रफल (रोपनी/विगाह खुलाउने): | |
| कार्यक्रम सम्पन्न गर्न लाग्ने समयः<br>प्रारम्भ हुने मिति :<br>कार्यक्रम सम्पन्न हुने मिति : | कार्यक्रमबाट लाभन्वित संभाव्य<br>जनसंख्याः..............<br>कित्ता संख्या..........<br>जग्गाधनीको संख्या.......... |

संस्थाको छाप

प्रस्तावकको नाम थरः
पद
सम्पर्कः
हस्ताक्षर
मितिः

अनुसूची-३

(दफा ५को उपदफा ४(घ) संग सम्बन्धित)

## गाँउ/नगर पालिकाको कार्यापालिकाको निर्णय ढाचाँ

जिल्ला......गा.पा/म.न.पा/.न.पा....... वडा नं.......को....स्थानमा रहेको......... कृषक समुह/सहकारी संस्थाले जग्गा एकिकृत गरी चक्लाबन्दी कार्यक्रम संचालन गर्न/गरिएको निम्न लिखित कित्ता जग्गा तथा जग्गा धनीहरुको जग्गा हक हस्तान्तरण गर्दा गण्डकी प्रदेश सरकारले जारी गरेको आर्थिक विद्येयक ....को दफा.....को अनुसुची.......बमोजिम राजश्व छुट पाउने व्यवस्था रहेकोले तपसिलमा उल्लिखित जग्गा चक्लाबन्दी गरिने/गरिएको स्थलका कित्ताहरुको हक हस्तान्तरण गर्दा राजश्व मिनाहा गर्न..........मालपोत कार्यालयलाई लेखि पठाउने निर्णय गरियो।

| क्र.स. | जिल्ला | हालको म.न.पा./ न.पा/ गा.पा/ वडा | साबिकम.न.पा./ न.पा/गा.पा | वडा नं | नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनीको नाम थर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |